कर्णाली प्रदेश सरकार
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय

दुनै, डोल्पा

प.सं २०८२ /०८३
च.नं. ४६५

व्यवसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन

मितिः- २०८२।०५।२२
नेपाल सम्बतः- ११४५ ञांलाथ्व पुन्हि

विषयः- सुचना टाँस गरी दिने सम्बन्धमा ।

श्री त्रिपुरासुन्दरी नगरपालिकाको कार्यालय, जुफाल डोल्पा ।
श्री ठुलीभेरी नगरपालिकाको कार्यालय, त्रिपुराकोट डोल्पा ।
श्री काईके गाउँपालिकाको कार्यालय, बगर डोल्पा ।
श्री छार्कताङसोन गाउँलापिकाको कार्यालय, कागकोट डोल्पा ।
श्री डोल्पोबुद्ध गाउँपालिकाको कार्यालय, डोल्पा ।
श्री मुड्केचुला गाउँपालिकाको कार्यालय, नर्कु डोल्पा ।
श्री ३ नं. वडा कार्यालय, ठुलीभेरी नगरपालिका, दुनै डोल्पा ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८२।०५।२२ गतेको जडिबुटी संकलन सम्बन्धी सूचना पाना थान १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको छ । सूचना तहाँ कार्यालयको सूचना पार्टीमा टाँस गरी सो को जानकारी यस कार्यालयमा पठाई दिनु हुन अनुरोध छ ।

मुनबहादुर रावत
अधिकृतस्तर दशौं
बरिष्ठ डिभिजनल वन अधिकृत

कर्णाली प्रदेश सरकार
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय

दुनै, डोल्पा

प.सं २०८२ /०८३
च.नं.

व्यवसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन

मिति:- २०८२।०५।२२
नेपाल सम्बत:- ११४५ ञांलाथ्व पुन्हि

**विषय:- गैहकाष्ठ वन पंदावार (जडिबुटी) संकलन सम्बन्धीको सूचना ।**

**सूचना प्रकाशन मिति २०८२।०५।२२**

यस डिभिजन वन कार्यालय डोल्पाको स्वीकृत रणनीतिक पञ्चवर्षीय वन व्यवस्थापन योजना मा व्यवस्था भएका जडिबुटीहरु संकलन विक्रि वितरण तथा व्यापार व्यवसाय गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/उद्योगहरुले तपसिल बमोजिमको कागजातहरु सहित मिति २०८२/०६/११ गते सम्ममा कार्यालयको समय भित्र यस कार्यालयमा निवेदन दिनका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै नेपाल राजपत्रमा प्रकाशित मिति २०८०।०८।०७ गतेको सूचनाको ३ नं मा सारतत्व निकासी अनुमती पाएकोमा बाहेक विदेश निकासी गर्न प्रतिबन्ध भएको जडीबुटी (जटामसी, लौठ सल्ला, सुगन्धवाल र सिलाजित) को हकमा प्रशोधन उद्योगको प्रतिनिधी खटाएको वा सिफारिस पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

तपसिल

१. उद्योग दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
२. कर दर्ता प्रमाण-पत्र (पान नं.) प्रतिलिपी।
३. करचुक्ता प्रमाण-पत्र को प्रतिलिपी ।
४. नागरीक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
५. जडिबुटी संकलन गर्ने वन क्षेत्रको चौहदी, वनको नाम, ठेगाना, वन पैदावारको किसिम र परिमाण उल्लेख भएको निवेदन ।

पुनश्चः- जटामसीको हकमा NDF प्रतिवेदन स्वीकृत भई कोटा निर्धारण भई आएमा मात्र संकलन ईजाजत-पत्र जारी गरिनेछ ।

Scanned with CamScanner